# गणपति माइक्रोफाइनान्स वित्तीय संस्था लि. को
# तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

## आदरणीय शेयरधनी महानुभावहरू

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७६/०७/२९ गते शुक्रबारका दिन बसेको ६१औं बैठकको निर्णय बमोजिम वित्तीय संस्थाको तेस्रो वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०७६ साल पौष ४ गते शुक्रबार ।

समय : दिउसोको ३ बजे

स्थान : जंगल पार्क रिसोर्ट, शुक्लागण्डकी न.पा. -३, तनहुँ ।

**छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. २०७६ साल आषाढ मसान्त सम्मको लेखा परिक्षकको प्रतिवेदन र वासलात सहित आ.ब. २०७५/२०७६ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरू पारित गर्ने ।

३. संचालक समितिबाट प्रस्ताव गरिएको रू. ३,८१,३१५.७९ (अक्षरेपी रू. तिन लाख एकासी हजार तिन सय पन्ध्र रूपैंया पैसा उनान्असी मात्र) नगद लाभाँस बोनश शेयरको कर प्रयोजनको लागी पारित गर्ने ।

४. सर्वसाधारण शेयरधनीहरूका तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

५. लेखापरिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०७६/२०७७ को कारोवारको लेखापरिक्षण गर्नको लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्तावहरु**

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार चुक्ता पुँजीको ७ प्रतिशतले हुने रू. ७२,४५,०००/- (अक्षरेपी रू. बहत्तर लाख पैंतालीस हजार मात्र) बोनश शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने ।

२. बोनश शेयर जारी पश्चात कायम हुन आउने जारी तथा चुक्ता पूँजी रू. ११,०७,४५,०००/- (अक्षरेपी रू. एघार करोड सात लाख पैंतालीस हजार मात्र) को ५० प्रतिशत अर्थात २:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने । हकप्रद शेयर जारी गर्दा आउने भिन्न अंक (Fraction) लाई माथिल्लो पूर्ण अंकमा आवेदन दिन पाउने गरी जारी गर्ने र यसरी जारी गर्दा चुक्तापूजी बृद्धि हुने भएमा आगामी बार्षिक साधारण सभाबाट सो अनुमोदन गराउने गरी नेपाल धितोपत्र बोर्डमा दर्ता गरी कम्पनी रजिष्टारको कार्यालयमा अभिलेख गराउने । साथै, हकप्रद शेयर जारी गर्दा आइपर्ने सम्पूर्ण कार्यहरूका लागी संचालक समितिलाई पूर्ण अख्तियारी दिने ।

३. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीको दफा तथा नियम १ कम्पनीको नाम, प्रबन्धपत्रको दफा ६ (ख) र (ग) वित्तीय संस्थाको पूँजीगत संरचना तथा नियमावलीको नियम ३२ (१) (ख) (ग) संचालकको पारिश्रमिक, भत्ता र सुविधा संशोधन गर्ने सम्बन्धि विशेष प्रस्ताव छलफल गरी पारितगर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट स्वीकृत गराउने क्रममा कुनै थपघट गर्न वा सच्याउन वा फेरबदल गर्नुपर्ने भएमा सो कार्यको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरू गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने वा प्राप्ती हुन जाने प्रयोजनका लागि उपयुक्त लघुवित्त संस्थाहरू पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तीक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायित्वहरूको मुल्याङ्कन गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने तथा Acquisition/Merger सँग सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव गर्ने ।

५. रेमिट्यान्स सम्बन्धी कारोवार गर्न वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा उद्देश्य थप गरी संशोधन गर्ने ।

**ग. विविध**

१. रिक्त संचालकहरूको पदपूर्ति अनुमोदन गर्ने लगायतका अन्यकेही भएमा पारित गर्ने ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

# साधारण सभा सम्बन्धी जानकारी

१. यस तेश्रो वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा साधारण शेयर दाखिल खारेजीको कार्य मिति २०७६/०८/१८ गते देखि मिति २०७६/०९/०४ गते सम्म बन्द रहनेछ । मिति २०७६/०८/१७ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई दाखिल खारेज हुन बाँकी रहेका कारोवारहरू मिति २०७६/०८/२६ गते भित्र यस कम्पनीको शेयर रजिष्ट्रार एनआइविएल एस क्यापिटल लिमिटेड काठमाडौंमा नामसारीको लागी प्राप्त हुन आउने अभिलेखका आधारमा कायम हुने शेयरधनीहरू मात्र लाभाँस प्राप्त गर्न सभामा भाग लिन तथा मतदान गर्न योग्य हुनेछन् ।

२. बार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा सोको प्रतिलिपि अनिवार्य रूपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरूले उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका दिउसो १.०० बजे नै खुल्ला गरिने छ ।

४. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले तोकिएको ढाँचामा कम्पनीको शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको निवेदन मिति २०७६/०९/०२ गते दिउसोको ३:०० बजे (अर्थात् सभा सुरू हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै) कम्पनीको रजिष्टर्ड कार्यालय, दुलेगौंडा तनहुँमा दर्ता गराई सक्नुपर्ने छ । प्रतिनिधि (प्रोक्सी) दर्ता सम्बन्धमा कम्पनीले उपलब्ध गराएको प्रोक्सी फारममा तोकिए वमोजिमको प्रमाणीकरण गरी गराई सक्कलै प्रोक्सी प्राप्त हुनुपर्ने छ । यस सम्बन्धमा फोटोकपी/फ्याक्स/इमेल इत्यादीबाट प्राप्त हुने/भएको कुनैपनि प्रोक्सी फारम मान्य हुने छैन ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेको अवस्थामा नियुक्त प्रतिनिधि (प्रोक्सी) ले उपस्थिति पुस्तिकामा दस्तखत गरि नसकेको अवस्था एवं सभाको कामकारवाही शुरू हुनुभन्दा अगावै शेयरधनी आफैं सभामा उपस्थिति भई उपस्थिति पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द भएको मानिने छ । तर एकपटक तोकिएको प्रतिनिधि (प्रोक्सी) लाई बदर गरी आर्को प्रतिनिधि (प्रोक्सी) मुकरर्र गर्नुपरेमा सो को लिखित निवेदन सहित नयाँ प्रतिनिधि (प्रोक्सी) मुकरर्र गरेको प्रमाणित प्रोक्सी फारम मिति २०७६/०९/०२ गते दिउसोको ३:०० वजे भित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता भइसक्नु पर्ने छ । अन्यथा पहिलो मुकरर्र भएको प्रतिनिधि (प्रोक्सी) लाइनै मान्यता दिइने छ ।

६. कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफ्नो नाममा रहेको सम्पूर्ण साधारण शेयरको प्रतिनिधि (प्रोक्सी) एकजना व्यक्तिलाई मात्र मुकर्रर गर्नुपर्नेछ । एक प्रतिनिधि (प्रोक्सी) फारममा एकभन्दा बढि व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएमा त्यस्तो नियुक्ति बदर हुनेछ । एक शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) फारम मार्फत् एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकर्रर गरेमा कम्पनीमा पहिले दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मात्र मान्यता दिईनेछ । संगठित संस्था शेयरधनीको हकमा संस्थाले तोकी खटाएको वा मनोनीत गरेको प्रतिनिधिले साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने छ ।

७. नाबालक वा विक्षिप्त शेयरधनीको हकमा कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ । संयुक्त रूपमा सधारण शेयर लिने शेयरधनीहरूको हकमा त्यस्तो शेयरधनीहरू मध्येबाट सर्वसम्मत रूपमा मनोनित प्रतिनिधिले वा सो बामोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनीहरूको दर्ता किताबमा पहिले नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन पाउने छ ।

८. सर्वसाधारण शेयरधनी महानुभावहरू मध्येबाट सञ्चालक पदमा उमेद्वार हुनको लागि यस कम्पनीको न्युनतम १०० कित्ता शेयर आफ्नै नाममा लिएको हुनुपर्दछ र उमेद्वार हुन चाहने शेयरधनीले तोकिएको समयावधि भित्र १ (एक) जना यस कम्पनीको शेयरधनी प्रस्तावक र अर्को एक जना कम्पनीकै शेयरधनी समर्थक सहित आफ्नो उमेद्वारी तोकिएको ढाँचा बमोजिम यस कम्पनीको केन्द्रिय कार्यालय दुलेगौडा तनहुँमा दरखास्त मार्फत दर्ता गराउनुपर्ने छ । सञ्चालक निर्वाचन सम्बन्धि कार्यक्रम एंव तत्सम्बन्धी क्रियाकलापका जानकारी यस कम्पनीको प्रधान कार्यालयको सूचनापाटिमा सभा हुने मिति भन्दा कम्तीमा ७ (सात) दिन अगाडि टाँस गरिने छ ।

९. प्रत्येक शेयरधनीलाई निजले लिएको शेयरको हदसम्म मतदान गर्ने अधिकार हुने छ । तर त्यस्तो मताधिकारको अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने यस कम्पनीको अधिकतम शेयर संख्याको सीमा भन्दा बढी हुने छैन ।

१०. शेयरधनीहरूबाट उठेका प्रश्न जिज्ञासा वा मन्तब्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनेछन् ।

११. विविध विषय अर्न्तगत कुनै शेयरधनी महानुभावलाई कम्पनी सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो ब्यहोरा लिखित रूपमा सभा हुनुभन्दा कम्तिमा ७ दिन अगावै कम्पनीको केन्द्रिय कार्यालयमा पठाउनुहुन अनुरोध गरिन्छ । तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।

१२. शेयरधनी महानुभावहरू सभा स्थलमा आउँदा छाता, झोला वा अन्य कुनै बस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ । सभा अवधिभर सभा स्थलमा रहेको सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा निजहरूलाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

१३. शेयरधनी महानुभावहरूको जानकारीको लागि कम्पनीको संक्षिप्त बार्षिक आर्थिक विवरण यस वित्तीय संस्थाको वेवसाइट www.ganapatimicro.com.np मा साथै राष्ट्रिय दैनिक पत्रिकाहरूमा समेत प्रकाशित गरिने छ । कथम कदाचित उक्त विवरण प्राप्त हुन नसकेमा कम्पनीको दुलेगौडा स्थित केन्द्रिय कार्यालयबाट सो विवरण प्राप्त गर्नहुन अनुरोध छ ।

१४. अन्य जानकारीका लागि कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

## तेस्रो वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस गणपती माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको तेस्रो बार्षिक साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सञ्चालक समितिको साथै मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत गर्न चाहन्छु । आ.व. २०७५/०७६ को समग्र वित्तीय विवरणहरू यहाँहरूले अध्ययन गर्नुभएकै होला भन्ने विश्वासका साथ आ.व. २०७५/०७६ को समिक्षा अवधिमा संस्थाको आर्थिक अवस्थाको संक्षिप्त विवरण देहाय अनुरूप प्रस्तुत गर्न चाहन्छु ।

(रू. हजारमा)

| सि.नं. | शिर्षक | २०७५/०७६ आषाढ मसान्त |
|---|---|---|
| १ | चुक्ता पूँजी | १,१०,७४५.०० |
| २ | जगेडा तथा कोषहरू | ९,१५४.३२ |
| ३ | कूल निक्षेप | २,३७,२३४.६१ |
| ४ | कूल कर्जा | ८,८८,५८९.०० |
| ५ | लगानी | - |
| ६ | संचालन मुनाफा/(नोक्सान) | ३७,३७७.८० |
| ७ | आयकर व्यवस्था | ६,८५८.३३ |
| ८ | खुद नाफा/(नोक्सान) | ३०,११५.३४ |
| ९ | निष्कृय कर्जा | ६,१६०.१५ |
| १० | जोखीम व्यवस्था | ११,०४५.५२ |

**कार्यक्षेत्र विस्तार**

आ.ब. २०७५/०७६ को शुरूमा २० वटा शाखा कार्यालय रहेकामा अन्त सम्ममा ८ वटा शाखा कार्यालय थप गरी जम्मा १७ जिल्लाका ११५ गाउँपालीका/नगरपालीकामा २८ वटा शाखा कार्यालय मार्फत कार्यक्रम संचालन भैरहेको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

**जनशक्ति व्यवस्थापन तथा विकास**

आ.ब. २०७५/०७६ को शुरूमा जम्मा १०४ जना कर्मचारी रहेकोमा अन्त सम्ममा ५० जना कर्मचारी थप गरी १५४ जना कर्मचारी कार्यरत रहेको र कार्यक्रम, कार्यक्षेत्रको विस्तार संगै मानव संसाधनको विकास र विस्तार आवश्यक रहने विषयलाई मध्यनजर गर्दै आवश्यक जनशक्तिहरूको ब्यवस्थापन, तालीम तथा वृती विकासका कार्यक्रम संचालन गरी दक्ष जनशक्ति निर्माणमा आवश्यक पहल गरीएको ब्यहोरा जानकारी गराउन चाहन्छु । साथै कर्मचारीसंग सम्बन्धित सेवा सुविधाहरूलाई समय सापेक्ष बनाउन आवश्यक संसोधन तथा थप गर्दै लगिएको व्यहोरा जानकारी गराउँदछु ।

**सार्वजनिक शेयर निश्काशन तथा वितरण**

यस वित्तीय संस्थाले कारोवार संचालन भएको तिनबर्ष भित्र सर्वसाधारणका लागी निश्कासन तथा वितरण गरिसक्नु पर्ने साधारण शेयर ३,३५,००० कित्ता यसै आर्थिक बर्ष भित्र निश्कासन तथा बाँडफाँड गरेको तथा हाल यस वित्तीय संस्थाको चुक्ता पुँजी रू. १०,३५,००,०००/- बराबरको जम्मा १०,३५,००० कित्ता शेयर नेपाल स्टक एक्सचेन्जमा सूचिकरण भई कारोवार हुँदै आएको व्यहोरा जानकारी गराउँदछु । साथै सात प्रतिशत बोनस शेयर वितरण गरेपश्चात संस्थाको चुक्ता पुँजी रू. ११,०७,४५,०००/- हुने व्यहोरा समेत जानकारी गराउँदछु ।

**चूनौतिहरुको सामना**

आ.ब. २०७५/०७६ मा समग्र वित्तीय क्षेत्रमा देखिएको लगानी योग्य रकमको अभाव, लघुवित्त क्षेत्रमा बढ्दै गएको तिब्र प्रतिस्पर्धा, कर्मचारी व्यवस्थापन, ग्राहक दोहोरोपना, भाखा नाघेको कर्जा व्यवस्थापन लगायतका थुप्रै चुनौतिहरू सामन गर्दै हामीले यस वित्तीय संस्थालाई सफलरूपमा आजको अवस्थामा ल्याइपुऱ्याइएको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

**लागानीमा प्रतिफल**

यस वित्तीय संस्थाको संञ्चालक समिति सम्पूर्ण शेयरधनि महानुभावहरूले देखाउनु भएको विश्वासलाई कायम राख्दै यस वित्तीय संस्थामा

भएको लगानीको सुरक्षा तथा उचित प्रतिफल प्राप्त हुने वातावरण तयार पार्न लागिपरिरहेको व्यहोरा अवगत गराउँदछु । साथै यस आर्थिक बर्षमा कर सहित सात प्रतिशत बोनस शेयर प्रदान गरेकोमा आगामी बर्ष प्रतिफल अझ बढ्ने विश्वासका साथ कार्य भैरहेको व्यहोरा समेत जानकारी गराउँदछु ।

**कारोवारको सिंहावलोकन**

आ.ब. २०७५/०७६ को अन्त सम्ममा १७ जिल्लाका ११५ गाउँपालीका/नगरपालीकामा २८ वटा शाखा कार्यालय मार्फत कार्यक्रम संचालन भैरहेको व्यहोरा अवगत गराउन चाहन्छु । साथै चालु आर्थिक वर्ष २०७६/०७७ को आश्विन मसान्त सम्ममा यस वित्तीय संस्थाले गरेको कारोवारको सिंहावलोकन निम्नानुसार रहेको छ ।

| क्र.स. | विवरण | प्रगति विवरण |
|---|---|---|
| १ | कार्यक्रम संचालन भएको जिल्ला संख्या | १७ |
| २ | शाखा संख्या | ३१ |
| ३ | कार्यक्रम संचालन भएको नगरपालिका/गा.वि.स. संख्या | ११६ |
| ४ | कूल केन्द्र | १,५६४ |
| ५ | कूल समूह | ४,२१४ |
| ६ | कूल सदस्य | १८,२०६ |
| ७ | कूल ऋणी | ११,७९१ |
| ८ | लगानीमा रहीरहेको ऋण रकम (रू.) | १,०१,०३,०८,४०३ |
| ९ | कूल बचत रकम (रू.) | २६,४९,८४,५९४ |

**आ.ब. २०७६/०७७ को वार्षिक कार्यक्रम**

हालको समग्र वित्तीय वातावरणको परिप्रेक्ष्यमा लघुवित्त वित्तीय संस्थामा प्रचूर संभावनाहरू देखा परेको बावजुद यसका प्रमुख चूनौतिहरूमा लघुवित्त वित्तीय संस्थाहरू तथा तिनका शाखाहरूको वढ्दो क्रम संगै बढ्दै गएको प्रतिस्पर्धाका कारण सदस्य तथा कर्जा दोहोरोपनामा नियन्त्रण, भाखा नाघेको कर्जा व्यवस्थापन तथा संचालन खर्चको प्रभावकारी नियन्त्रण रहेको हामीले महशुश गरेका छौं । यसका साथै देशको समग्र वित्तीय क्षेत्रमा देखिएको असन्तुलनका कारण पनि लघुवित्त वित्तीय संस्थाहरूले थप चूनौतिहरूको सामना गर्नु परिरहेको छ । यीनै संभावना तथा चूनौतिहरूलाई मध्यनजर गर्दै हामीले सदस्य दोहोरोपना न्यून राख्दै, खराब कर्जालाई क्रमशः व्यवस्थापन गर्दै ग्राहक संख्यामा वृद्धि गर्ने तथा कर्जाको गुणस्तर कायम राखि संभवत न्यून लागतमा संस्था संचालन गरि लघुवित्त कार्यक्रमहरूलाई प्रमुखताका साथ विस्तार गर्दै लैजाने कार्यक्रम तर्जुमा गरेका छौं । सोही वमोजिम आगामि वर्षहरूमा पनि हामी गुणस्तरिय कर्जा लगानी तर्फ विशेष ध्यान दिनेछौं । आ.ब. २०७६/०७७ को लागि तर्जुमा गरिएको कार्यक्रमको संक्षिप्त स्वरूप निम्नानुसार प्रस्तुत गरिएको छ ।

**भावि कार्यक्रमहरु**

राष्ट्रियस्तरको यस वित्तिय संस्थाले संख्यात्मक बृद्धि भन्दा पनि गुणात्मक बृद्धिलाई आफ्नो प्रमुख लक्षका रूपमा अगाडी सारेको छ । वित्तीय बजारको वर्तमान अवस्थालाई मध्यनजर गर्दै सेवाको पहुँच कम भएका स्थानहरूमा आफ्नो कार्यक्रम विस्तार गर्दै लाने कार्यलाई निरन्तरता दिइएको छ । विगतको अनुभवबाट यस वित्तीय संस्थाले विकास गरेको सेवामुखी सुविधा तथा ग्राहक सदस्यहरूले वित्तीय संस्था प्रति देखाएको सहभागीता र उत्साहले नै यस वित्तीय संस्थालाई आफ्नो कार्यक्रम विस्तार गर्ने सफलता प्राप्त हुँदै आएको छ । हाल वित्तीय क्षेत्रमा देखिएको असन्तुलन तथा लघुवित्त वित्तीय संस्था विच हुने अस्वस्थ प्रतिस्पर्धा, दोहोरोपन, बढ्दो भाखा नाघेको कर्जा व्यवस्थापन आदी कारणले वित्तीय संस्थालाई प्रभाव पार्न सक्ने भएता पनि वित्तीय संस्थाले विकास गरेको आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय संस्थासंग रहेको मौजदात तथा कुशल व्यवस्थापनको कारण सम्पूर्ण परिसुचकमा कुनै नकारात्मक असर नपर्ने देखिन्छ । यसको साथै भविश्यमा पनि यस्तो नकारात्मक असर पर्नसक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियम, कार्यविधिको तर्जुमा गरी अगाडी बढ्ने नीति यस वित्तीय संस्थाले लिएको छ । यसको साथै संस्थाको भावि प्रमुख कार्यक्रमहरूको संक्षिप्त स्वरूप निम्न बमोजिम रहेको छ ।

| क्र.स. | विवरण | निर्धारीत लक्ष |
|---|---|---|
| १ | कार्यक्रम संचालन हुने जिल्ला संख्या | २० |
| २ | शाखा कार्यालय | ३६ |
| ३ | कुल केन्द्र | २,३९३ |

| | | |
|---|---|---|
| ४ | कुल समूह | ६,७६३ |
| ५ | कुल सदस्य संख्या | ३०,७६७ |
| ६ | बर्षाअन्तमा कायम रहिरहने ऋण रकम (रू.) | १,६१,२६,००,००० |
| ७ | बचत संकलन (रू.) | ४६,४०,१५,७४० |
| ८ | कुल ब्याज आम्दानी (रू.) | २८,१८,५७,१३३ |
| ९ | संचालन मुनाफा (रू.) | ७,४४,९२,५६० |

**कार्यक्रम विस्तार**

आ.ब. २०७६/०७७ मा यस वित्तीय संस्थाले थप ५ जिल्लाका ८ स्थानमा शाखा कार्यालय विस्तार गर्ने लक्ष्य लिएको छ । हरेक त्रैमासमा केही शाखा कार्यालय थप गर्ने लक्ष्य अनुरूप श्रावण महिनामा थप ३ वटा शाखा कार्यालय स्थापना गरिएको र बाँकी ५ वटा शाखा कार्यालय पनि क्रमशः थप गर्दै जाने ब्यहोरा जानकारी गराउँदछु । समग्र वित्तीय क्षेत्रमा देखिएको असन्तुलनमा सुधार भएको अवस्थामा तथा नियामक निकायहरूबाट नीतिगत सहुलियतका कार्यक्रम घोषणा भएमा पुनः कार्यक्रम बजेट परिमार्जन गरी थप शाखा कार्यालय तथा कार्यक्रम विस्तार गर्न सकिने ब्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

**आन्तरिक नियन्त्रण प्रणालीको विकास**

लघुवित्त वित्तीय संस्थामा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ रहनु आवश्यक हुने कुरालाई मध्य नजर गर्दै यस आ.ब. २०७६/०७७ मा थप जनशक्ती ब्यवस्थापन गरी नियमित रूपमा शाखा कार्यालयको अनुगमन निरिक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको छ । त्यसैगरी आन्तरिक तथा बाह्य लेखा परिक्षक लगायत नियमनकारी संस्थाहरूबाट भएको निर्देशनलाई पालना गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउने कार्य भैरहेको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

**गाभ्ने/गाभिने तथा प्राप्ती सम्बन्धमा**

यस लघुवित्त वित्तीय संस्थाको अघिल्लो बार्षिक साधारण सभाले गाभ्ने/गाभिने तथा प्राप्तीगर्ने कार्यका लागी संञ्चालक समितिलाई पूर्ण अधिकार सुम्पेकोमा संचालक समिति मार्फत तिन सदस्यीय मर्जर कमिटी गठन गरी उपयुक्त संस्था खोजिकार्य जारी राखिएको साथै उपयुक्त संस्था भेटीएमा गाभ्ने/गाभिने तथा प्राप्तीगर्ने कार्यलाई अगाडी बढाइने व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

**संस्थागत सुशासन**

यस वित्तीय संस्थाले विद्यमान ऐन कानून तथा नीति नियम र नियमनकारी निकायहरूबाट प्राप्त निर्देशन मुताविक आफ्नो व्यवसाय संचालन गर्दै आएको ब्यहोरा जानकारी गराउन चाहन्छु । यसको साथै यस वित्तीय संस्थाका शेयरधनि प्रति सञ्चालक समिति पूर्ण रूपमा जवाफदेही र उत्तरदायी रहने छ । नेपाल राष्ट्र बैंकको नीति नियम अनुसार संस्था संचालनमा रहि आन्तरिक प्रणालीलाई व्यवस्थित गर्न त्रैमासिक रूपमा आन्तरिक लेखा परिक्षण गराई लेखापरिक्षकले दिएको सुझाव वमोजिम कार्यान्वयन गर्दै जाने छ । कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था, सदस्यहरूलाई अप्ठ्यारो परेको बेला सहयोग पुर्‍याउने उद्देश्यले स्थापित सदस्य सुरक्षण कोष, संस्थागत सामाजीक उत्तरदायित्व कोष जस्ता कोष मार्फत वित्तीय संस्था अझ प्रभावकारी रूपमा अगाडी बढ्नेमा हामी विश्वस्त छौं । यस वित्तीय संस्थाको सञ्चालक समितिले संस्थागत सुशासन कायम राख्न विभिन्न उपसमितिहरू गठन गरि कार्य संचालन गर्दै आएको छ । आन्तरिक लेखा परिक्षक, बाहय लेखापरिक्षक तथा नेपाल राष्ट्र बैंकबाट समय समयमा हुने निरिक्षणवाट प्राप्त सुझावहरूको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ वनाउन सञ्चालक समिति कटिवद्ध रहेअनुसार कारोवारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरू तर्जुमा गरि लागु गरिने छ ।

**आभार प्रकट**

यस अवसरमा म यस संस्थाको स्थापनाकाल देखि संस्थालाई सहयोग पुर्‍याउँदै आउनुभएका शेयरधनी महानुभावहरू, ग्राहकवर्ग, लेखापरीक्षक, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यलय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडिएस.एण्ड क्लिएरिङ्ग लिमिटेड, कर कार्यालय लगायत सम्पूर्णमा कृतज्ञता प्रकट गर्दछु । त्यसैगरी संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण कर्मचारीहरूको कर्तब्यनिष्ठता, लगनशिलता एवम् कठीन परिश्रमको सराहना गर्दछु ।

द.
युवराज भण्डारी
अध्यक्ष

धन्यवाद !

## कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरण

**क. विगत वर्षको कारोबारको सिंहावलोकन :**

आर्थिक वर्ष ०७५/०७६ को संक्षिप्त आर्थिक विवरण अगाडि नै प्रस्तुत गरिसकिएको छ ।

**ख. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिस्थीतिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर**

अन्तराष्ट्रिय परिस्थितिले हाम्रो संस्थाको कारोबारमा उल्लेखनीय असर नगरे तापनि राष्ट्रिय परिस्थिति अझै सकारात्मक हुन सकेको छैन । हालको तरलता तथा लगानी योग्य रकमको अभाव,उच्च व्याजदर लगायतका अवस्थाको कारण कार्यक्रम विस्तार तथा संचालनमा नै ब्यवधानहरू उत्पन्न भएका छन् । त्यसैगरी नयाँ लघुवित्त वित्तीय संस्थाहरू स्थापनाको क्रम वढिरहेकै छ भने पुराना लघुवित्त बैंक/संस्थाहरूका शाखाहरूको संख्यमा पनि वृद्धि हुंदै गएका छन् । जसबाट लघुवित्त संस्थाहरू बीच प्रतिस्पर्धा वढिरहेको र सदस्य तथा कर्जा दोहोरोपना समेत वढ्न सक्ने अवस्था रहेको छ । यस्तो अवस्थामा संस्थाको ग्राहक संख्यामा वृद्धि तथा कर्जाको गुणस्तर कायम गर्नु अझ चुनौतिपुर्ण हुने देखिन्छ ।

**ग. प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविश्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको अवधारणा :**

यस संस्थको आ.ब. २०७६/०७७ को आश्विन महिनाको अन्त सम्ममा रू ४,३७,०९,०६४.६८ कुल ब्याज तथा शुल्क आम्दानी रहेको र रू. २,८९,६२,६०९.४४ संचालन मुनाफा रहेको छ, साथै आश्विन महिनाको अन्त सम्ममा संस्थाको लगानीमा रहीरहेको ऋण रकम रू. १,०१,०३,०८,४०३.३० रहेको छ । संस्थाको आ. व. २०७६/०७७ को संक्षिप्त वार्षिक कार्यक्रम तथा भविश्यमा गर्नुपर्ने कुराहरूको सम्बन्धमा सञ्चालक समितिको अवधारणा अगाडि नै प्रस्तुत गरिसकिएको छ ।

**घ. औद्योगिक तथा व्यवसायिक सम्बन्धमा :**

यस संस्थाले सबै वित्तिय संस्थाहरूसँग व्यवसायिक रूपमा आफ्नो सम्बन्ध विस्तार गर्दै लाने छ । त्यसैगरि संस्थागत सुशासन, व्यवस्थापन तथा कर्मचारी विच सुमधुर सम्बन्ध कायम राख्न प्रतिबद्ध रहेको छ ।

**ङ. सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण**

सञ्चालक समितिमा आ.ब. २०७५/०७६ मा निम्न अनुसार हेरफेर भएको छ ।

| क्र.स. | सञ्चालकको नाम/थर | हेरफेर भएको मिति | कारण |
|---|---|---|---|
| १. | श्री शिवराज भण्डारी | २०७५/०५/१६ | संचालक समितिले नयाँ संञ्चालक नियुक्त गरेको । |

संस्थाको वर्तमान सञ्चालकहरूमा निम्नानुसारका व्यक्तिहरू कायम रहनुभएको छ ।

| | |
|---|---|
| श्री युवराज भण्डारी | अध्यक्ष |
| श्री दिनेश लाल श्रेष्ठ | सञ्चालक (प्रतिनिधी– गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.) |
| श्री इन्द्र बहादुर अधिकारी | सञ्चालक |
| श्री अर्चना प्रधान | सञ्चालक (प्रतिनिधी– गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.) |
| श्री शिवराज भण्डारी | सञ्चालक (प्रतिनिधी– गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.) |

**च. कारोबारलाई असर पार्ने मुख्य कुराहरु :**

देशभित्र विद्यमान तरल आर्थिक वातावरण तथा लगानी योग्य रकम अभावले पारेको असर पूर्णरूपले संस्थाको अनुकूल भइ नसकेको अवस्था छ । देशको जटिल वित्तीय अस्थिरता र गतिरोधले भविष्यमा आर्थिक, मौद्रिक तथा वित्तीय नीति र वित्तीय प्रणाली तथा अर्थव्यवस्थामा प्रभाव पर्ने हुनसक्छ । नेपाल राष्ट्र बैंक लगायतका नियमक निकायले गर्ने नियमन, निर्देशनको परिवर्तबाट सिर्जना हुन सक्ने जोखिमप्रति पनि सजग रहनु परेको छ । साथै बढ्दै गएको कर्जाको व्याज वृद्धिले खर्चहरू बढ्न जाने भएको छ । यस्तो अवस्थामा संस्थाको समग्र जोखिम कम गर्नुपर्ने आवश्यकता एकातिर छ भने पूंजीको परिमाण अनुरूपको व्यवसाय विस्तार गरी शेयरधनीहरूको लगानीमा यथोचित प्रतिफल प्राप्त गर्नुपर्ने अर्को चूनौति छ । समयानुकुल उपयुक्त रणनीतिहरू अवलम्बन गरी तमाम प्रतिकुलताहरूका विच संस्थालाई सफलतापूर्वक अधि बढाउने कार्य आगामी दिनमा निकै चूनौतिर्पुर्ण देखिन्छ ।

**छ. लेखापरिक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेखित भएको भए सो उपर सञ्चालक समितिको प्रतिवेदन :**

लेखापरिक्षण प्रतिवेदनमा खासै कैफियत नभएको ।

**ज. लाभांस बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

संस्थाले आ.ब. २०७५/०७६ को आयबाट शेयर धनीहरूलाई संस्थाको चुक्ता पूँजी रू. १०,३५,००,०००/- (अक्षरूपी दश कारोड पैतीस लाख मात्र) को ७ (सात) प्रतिशतका दरले हुन आउने रकम रू. ७२,४५,०००/- (बहत्तर लाख पैंतालीस हजार मात्र) शेयर लाभाँस र सो मा लाग्ने कर रू. ३,८१,३१५.७८९४/- (तीन लाख एकासी हजार तीनसय पन्ध रूपैंया उनान्असी पैसा मात्र) ०.३६८४% नगद लाभाँश गरी जम्मा रू. ७६,२६,३१५.७९ (छिहत्तर लाख छबिस हजार तीनसय पन्ध्र रूपैंया उनान्असी पैसा मात्र) गरी जम्मा ७.३६८४% लाभाँश वितरण गर्ने प्रस्ताव राखेको छ ।

**झ. शेयर जफत भएको भए जफत भएको शेयर संख्या :**

शेयर जफत गरिएको छैन ।

**ञ. कम्पनी र यसको सहायक कम्पनीले विगत आर्थिक वर्षमा गरेको प्रगति :**

यस संस्थाको सहायक कम्पनी छैन ।

**ट. समिक्षा अवधिमा कम्पनी र यसका सहायक कम्पनीसँगको कारोबार र त्यसमा भएको महत्वपूर्ण हेरफेर :**

यस संस्थाको सहायक कम्पनी नभएको ।

**ठ. विगत आर्थिक वर्षमा कम्पनीको आधारभुत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

जानकारी नभएको ।

**ड. विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण :**

नभएको ।

**ढ. कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजका आफन्तको व्यक्तिगत स्वार्थ सम्बन्धि जानकारी :**

अन्य जानकारी प्राप्त नभएको ।

**ण. पुनः खरिद गरिएका शेयरहरुको विवरण :**

शेयरहरूको पुनः खरिद कार्य नभएको ।

**त. आन्तरीक नियन्त्रण व्यवस्था :**

संस्थाले हाल कर्जा अपलेखन निति, कर्जा निर्देशिका, आर्थिक विनियमावली, कर्मचारी सेवा विनियमावलीका साथै तिनीहरूसँग आवश्यक पर्ने विषयहरू अवलम्बन गर्दै आएको र त्यसै गरि कर्जा समिति, व्यवस्थापन समिति, जोखिम व्यवस्थापन समिति, लेखापरिक्षण समिति, आर्थिक निर्देशन समिति, पद पुर्ति समिति गठन गरिएको छ र भविष्यमा आवश्यक पर्ने नीति नियमहरू तर्जुमा तथा तदनुरूप कार्यान्वयन गर्दै लगिने एवं संस्थाको आन्तरिक नियन्त्रण प्रणलीलाइ अझ सुदृढ वनाउंदै लगिने छ ।

**थ. समिक्षा अवधिमा भएको कुल व्यवस्थापन खर्च :**

| | |
|---|---|
| कर्मचारी खर्च | रू. ३,१८,३७,४६६/- |
| अन्य सञ्चालन खर्च | रू. १,९५,४५,०६२/- |
| जम्मा खर्च | रू. ५,१३,८२,५२८/- |

**द. लेखापरिक्षण समिति :**

हाल कायम रहेका लेखापरिक्षण समितिका सदस्यहरू देहायबमोजिम रहेका छन् ।

१. श्री दिनेश लाल श्रेष्ठ, सञ्चालक - संयोजक
२. श्री अनित जंग पाण्डे, स. प्रबन्धक - सदस्य

लेखापरिक्षण समितिका (सञ्चालक मात्रै) सदस्यहरूलाई १५००/- बैठक भत्ता/प्रति बैठक बाहेक अन्य कुनै पारिश्रमिक/सुविधा दिइएको छैन ।

यस समितिले संस्थाको आन्तरिक लेखापरीक्षण प्रतिवेदन, वाह्यि लेखापरीक्षण प्रतिवेदनको समीक्षा गरी सो बाट आएका सल्लाह, सुझाव तथा निर्देशनहरूको परिपालना भए नभएको मूल्याङ्कन गर्ने, तथा उक्त प्रतिवेदनहरूको समीक्षा गरी सुधारका लागि आफ्नो सल्लाह सुझावहरू दिने गरेको छ ।

**ध. कुनै सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको आफन्त वा उनिहरुसँग सम्बन्धित संस्थाहरुले कम्पनीलाई बुझाउन बाँकी रकम :**

केही नभएको ।

**न. सञ्चालक, प्रबन्धक सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई प्रदान गरिएको पारिश्रमिक भत्ता तथा सुविधाहरु :**

आर्थिक वर्ष २०७५/०७६ मा सञ्चालक समितिका सदस्यहरूलाई बैठक भत्ता स्वरूप जम्मा रू. १,३१,५००/- भुक्तानी गरिएको छ । सो बाहेक सञ्चालकहरूलाई अन्य कुनै सुबिधा दिइएको छैन ।

**प्रमुख कार्यकारी अधिकृत**

आर्थिक वर्ष २०७५/०७६ मा प्रमुख कार्यकारी अधिकृत लाई पारिश्रमिक, भत्ता तथा सुविधा वापत जम्मा रू १६,९१,७४२.८० भुक्तानी गरिएको छ । यसका अतिरिक्त कम्पनीको कर्मचारी नियमावली अनुसारको अन्य सुविधा उपलब्ध गराइएको छ ।

**प. शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांश रकम :**

हालसम्म लाभांश वितरण नभएको ।

**फ. दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्रि गरेको कुराको विवरण :**

नभएको ।

**ब. कम्पनी ऐनको दफा १७५ बमोजिम सम्बद्ध कम्पनीहरु विच भएको कारोबारको विवरण :**

दफा १७५ बमोजिम कुनै कारोबार नभएको ।

**भ. कम्पनी ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरु :**

खुलाउनुपर्ने अन्य कुराहरू नभएको ।

**म. अन्य आवश्यक कुराहरु :**

अन्य आवश्यक कुराहरू नभएको ।

द.
सञ्चालक समितिको तर्फबाट
युवराज भण्डारी
अध्यक्ष

गणपति माइक्रोफाईनान्स बित्तीय संस्था लिमिटेडको
शेयरधनी महानुभावहरु समक्ष
लेखापरीक्षकको प्रतिबेदन

## १. वित्तिय विवरण माथीको प्रतिवेदन

हामीले **गणपति माइक्रोफाईनान्स बित्तीय संस्था लिमिटेडको** यसैसाथ संलग्न वित्तीय विवरणहरुको लेखापरीक्षण गरेका छौं जसमा २०७६/०३/३१ (१६ जुलाई २०१९) को वासलात, र सोही मितिमा समाप्त बर्षको बिस्तृत नाफा नोक्सान हिसाब, ईक्वीटीमा भएको परिवर्तनको विवरण, नगद प्रवाहको विवरण तथा अपनाइएका मुख्य लेखा नितीहरु र अन्य व्याख्यात्मक टिप्पणीहरु समावेश रहेका छन् ।

## २. *वित्तिय विवरण प्रति व्यवस्थापनको उत्तरदायित्व*

नेपाल वित्तीय प्रतिवेदन मानहरु (Nepal Financial Reporting Standards) अनुसार यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार गर्नु तथा सारभुत रुपमा सहि प्रस्तुतिकरण गर्नु व्यवस्थापनको उत्तरदायित्व हो तथा जाल साजी वा त्रुटीबाट हुन सक्ने सार्युक्त रुपमा त्रुटी रहित वित्तीय विवरण तयार गर्न व्यवस्थापनले आवश्यक आन्तरिक नियन्त्रणको व्यवस्था गर्नु पर्दछ ।

## ३. *लेखापरिक्षकको उत्तरदायित्व*

हाम्रो उत्तर दायित्व वित्तीय विवरण प्रति आफ्नो मन्तव्य जाहेर गर्ने हो । हामीले नेपाल लेखापरीक्षणमान् अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौ । उक्त लेखामान्बाट तोकेको आचारसंहिता पालना गर्दै वित्तीय विवरण सारभुत रुपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुन लेखापरीक्षणमान् अनुसार लेखापरीक्षण योजना तयार गरी सो अनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

वित्तिय विवरणका आंकडा तथा खुलाइएका अन्य विवरणलाई पुस्ट्याई गर्ने प्रमाण प्राप्त गर्ने विधी लेखापरीक्षणमा अपनाएको हुन्छ । लेखापरीक्षणमा अपनाउने विधीको चुनाव हाम्रो फैशलामा निर्भर गर्दछ र सोही विधीको आधारमा जालसाजी वा गल्तीको जोखिमबाट सारभुतरुपमा वित्तिय विवरणका आंकडाहरु गल्ती रहित छ भन्ने ब्यहोरा निर्धारण गर्दछ । उल्लेखित जोखिम निर्धारण गर्दा कम्पनीको वित्तीय विवरणको तयारी र खुलाइएका विवरण सम्बन्धमा अपनाएको आन्तरिक नियन्त्रणको प्रभावकारीताको विचार गरी मौजुदा परिस्थिती अनुसार लेखापरीक्षण विधी तयार गर्दछ । तर यस्ले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली कती प्रभावकारी छ भन्ने धारणा प्रस्तुत गर्नको लागि हुने छैन । कम्पनीले अवलम्बन गरेको लेखासिद्धान्तको उपयुक्तता, व्यवस्थापकले गरेको वित्तीय अनुमानको औचित्यताका साथै वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितीको मुल्यांकन पनी लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणमा उपलब्ध गरेका जानकारीले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

## ४. *मन्तब्य*

हाम्रो रायमा संलग्न, पहिलेको वित्तीय लेखामान् (Previous GAAP) अनुसार तयार गरिएको वित्तीय विवरणहरुले गणपति माइक्रोफाईनान्स बित्तीय संस्था लिमिटेड २०७६ आषाढ ३१ गतेको वित्तीय स्थिती, सो मितिमा समाप्त भएको आर्थिक बर्षको संचालन नतिजा र नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गर्दछ ।

तर गणपति माइक्रोफाईनान्स बित्तीय संस्था लिमिटेडले यी विवरणहरु नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाबाट जारी नेपाल वित्तीय प्रतिवेदन मान्हरु (Nepal Financial Reporting Standards) अनुसारको तयार नभएकोले नेपाल वित्तीय प्रतिवेदन मान् अनुसारको वित्तीय स्थितीमा हामी राय दिन सक्ने अवस्थामा छैनौ

एन. अमात्य एण्ड कं. काठमाडौं चार्टर्ड एकाउण्टेण्टस

Fourth Floor, Gajendra Bhawan, 1784/42 Ramshah Path, Kathmandu, Nepal
T : 977-1-4010660, F :977-1-4010661, E : info@namatya.com.np

५. *अन्य कानूनी तथा नियमनकारीको आवश्यकता माथीको प्रतिवेदन*

माथि उल्लेखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखा परीक्षण तथा हामीलाई प्राप्त सूचना एवं उपलब्ध स्पष्टिकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षणको लागी आवश्यक ठानेका सबै सूचना तथा स्पष्टीकरणहरु यथासिघ्र पायौं,

ख) यस प्रतिवेदनसंग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा तत्सम्बन्धी अनुसूचिहरु नेपाल राष्ट्र बैंकले तोकेको ढांचा (Form) तथा माईक्रोफाइनान्सले राखेको लेखासंग दूरुस्त रहेका छन्,

ग) हाम्रो विचारमा माइक्रोफाइनान्सले आफ्नो हिसाब किताब प्रचलित कानुन अनुसार ठीकसंग राखेको छ ।

घ) शाखा कार्यालयबाट प्राप्त विवरण लेखापरीक्षणको लागी पर्याप्त रहेका छन् ।

ङ) माइक्रोफाइनान्सले नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम पर्याप्त प्राथमिक पुंजी र पूंजीकोष राखेको छ ।

च) माइक्रोफाइनान्सले गरेको कारोवार त्यसको अख्तियारी भित्र रहेको र यी कारोवार सन्तोषजनक रुपमा भएको देखिन्छ ।

छ) माइक्रोफाइनान्सको संचालक समिति वा कुनै संचालक वा फाइनान्सको कुनै कर्मचारीले लेखा सम्वन्धि कुनै ऐन कानून बिरुद्ध काम गरेको वा माइक्रोफाइनान्सलाई कुनै हानी नोक्सानी वा बेहिसाब गरेको देखिदैन,

ज) माइक्रोफाइनान्सले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन विपरीत कार्य गरको देखिदैन र

झ) माइक्रोफाइनान्सको कार्य लगानीकर्ता तथा निक्षेपकर्ताहरुको हित संरक्षणको विचार गरी भएको देखिन्छ ।

सिए. मनिष अमात्य
*साझेदार*
नि. एन.अमात्य एण्ड कम्पनी
चार्टड एकाउन्टेन्टस्

मिति : २०७६/०५/०३

Fourth Floor, Gajendra Bhawan, 1784/42 Ramshah Path, Kathmandu, Nepal
T : 977-1-4010660, F :977-1-4010661, E : info@namatya.com.np

## २०७६ साल आषाढ मसान्तको
## **वासलात**

| | पूँजी तथा दायित्व | अनुसूची | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|---|
| १. | शेयर पूँजी | ४.१ | ११,०७,४५,००० | ७,००,००,००० |
| २. | जगेडा तथा कोषहरू | ४.२ | ९१,५४,३२१ | (१,४७,६३,२००) |
| ३. | ऋण पत्र तथा बण्ड | ४.३ | - | - |
| ४. | तिर्न बाँकी कर्जा सापट | ४.४ | ५८,९९,६२,२९३ | ४३,२१,१५,६९४ |
| ५. | निक्षेप दायित्व | ४.५ | २३,७२,३४,६०५ | १२,४९,७८,८०४ |
| ६. | प्रस्तावित नगद लाभाँश | | ३८१,३१६ | - |
| ७. | आयकर दायित्व | | | - |
| ८. | अन्य दायित्व | ४.६ | १,१३,५५,७०४ | ३३,४७,२९३ |
| | **कूल पूँजी तथा दयित्व** | | **९५,८८,३३,२४०** | **६१,५६,७८,५९०** |

| | सम्पत्ति | अनुसूची | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|---|
| १. | नगद मौज्दात (सिक्का समेत) | | २०,००० | २,६०,३०० |
| २. | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | ४३,००,००० | २८,५०,००० |
| ३. | बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.७ | १५,३९,३४१ | ५,१४,१०,२०५ |
| ४. | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | | ५,९८,८७,९५० | १,२६,१८,८०४ |
| ५. | लगानी | ४.८ | - | - |
| ६. | कर्जा सापट | ४.९ | ८७,७५,४३,४८२ | ५३,५१,६३,९२७ |
| ७. | स्थीर सम्पत्ति | ४.१० | ९१,५८,८२१ | ८२,२३,४८० |
| ८. | गैर-बैकिङ्ग सम्पत्ति | ४.११ | - | - |
| ९. | अन्य सम्पत्ति | ४.१२ | ६३,८३,६४६ | ५१,५१,८७५ |
| | **कूल सम्पत्ति** | | **९५,८८,३३,२४०** | **६१,५६,७८,५९०** |

| | |
|---|---|
| संभावित दायित्व | अनुसूची ४.१३ |
| सञ्चालकहरूको घोषण | अनुसूची ४.२३ |
| पुंजीकोष तालिका | अनुसूची ४.२४ |
| जोखिम भारित सम्पत्ति विवरण तालिका | अनुसूची ४.२४(क) |
| प्रमूख सूचकाङ्कहरू | अनुसूची ४.२५ |
| प्रमूख लेखा नीतिहरु | अनुसूची ४.२६ |
| लेखा सम्बन्धी टिपणीहरू | अनुसूची ४.२७ |
| लेखा परीक्षण नभएको र भएको वित्तीय विवरणको तूलना | अनुसूची ४.२९ |

४.१ देखि ४.१७ तथा ४.२६ र ४.२७ सम्मका अनुसूचीहरू वासलातका अभिन्न अंग हुन् ।

हाम्रो संलग्न प्रतिवेदन अनुसार

द.
अच्युत राज सापकोटा
प्रमुख कार्यकारी अधिकृत

द.
युवराज भण्डारी
अध्यक्ष

द.
सि. ए. मनिष अमात्य
साझेदार
नि. एन. अमात्य एण्ड कं.
चार्टर्ड एकाउन्टेन्टस्

द.
इन्द्र बहादुर अधिकारी
सञ्चालक

द.
अर्चना प्रधान
सञ्चालक

द.
शिवराज भण्डारी
सञ्चालक

स्थान : काठमाडौं
मिति : २०७६/०५/०३

## नाफा-नोक्सान हिसाब
मिति २०७५।०४।०१ देखि २०७६।०३।३१ सम्म

| | विवरण | अनुसूची | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|---|
| १. | ब्याज आम्दानी | ४.१४ | १३,५०,२०,१८७ | ६,६८,०३,१२६ |
| २. | ब्याज खर्च | ४.१५ | ७,४१,१४,३०३ | ४,३१,३७,६२४ |
| | **खुद ब्याज आम्दानी** | | **६,०९,०५,८८४** | **२,३६,६५,५०२** |
| ३. | कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४.१६ | ३,३२,०६,९९६ | १,५६,५१,३६४ |
| ४. | सटही घटवढ आम्दानी | | - | - |
| | **कूल सञ्चालन आम्दानी** | | **९,४१,१२,८८०** | **३,९३,१६,८६६** |
| ५. | कर्मचारी खर्च | ४.१७ | ३,१८,३७,४६६ | २,२०,७०,३१९ |
| ६. | अन्य सञ्चालन खर्च | ४.१८ | १,९५,४५,०६२ | १,४०,२३,७२६ |
| ७. | सटही घटवढ नोक्सान | | - | - |
| | **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | **४,२७,३०,३५२** | **३२,२२,८२०** |
| ८. | सम्भावित नोक्सानी व्यवस्थाहरू | ४.१९ | ५३,५२,५४९ | ६०,५७,९७१ |
| | **सञ्चालन मुनाफा** | | **३,७३,७७,८०३** | **(२८,३५,१५१)** |
| ९. | गैर सञ्चालन आम्दानी/खर्च | ४.२० | १६,३४,२१२ | १,१२,९११ |
| १०. | सम्भावित नोक्सानी ब्यबस्था बाट फिर्ता | ४.२१ | १९,३१,४१२ | - |
| | **नियमित कारोबारबाट भएको मुनाफा** | | **४,०९,४३,४२७** | **(२७,२२,२३९)** |
| ११. | असामान्य कारोवारहरूबाट भएको आम्दानी/खर्च | ४.२२ | - | - |
| | **सम्पूर्ण कारोबार पछि खुद मुनाफा** | | **४,०९,४३,४२७** | **(२७,२२,२३९)** |
| १२. | कर्मचारी बोनस ब्यबस्था | | ४०,९४,३४३ | - |
| १३. | आयकर व्यवस्था | | | |
| | यस वर्षको कर व्यवस्था | | ६८,५८,३२७ | - |
| | विगत वर्षसम्मको कर व्यवस्था | | - | - |
| | यस वर्षको स्थगन कर आम्दानी/(खर्च) | | १,२४,५८३ | १,४०,०१९ |
| | **खुद नाफा/नोक्सान** | | **३,०१,१५,३४०** | **(२५,८२,२२०)** |

४.१४ देखि ४.२२ तथा ४.२६ र ४.२७ सम्मका अनुसूचीहरू नाफा नोक्सान हिसावका अभिन्न अंग हुन् ।

हाम्रो संलग्न प्रतिवेदन अनुसार

द.
अच्युत राज सापकोटा
प्रमुख कार्यकारी अधिकृत

द.
युवराज भण्डारी
अध्यक्ष

द.
दिनेश लाल श्रेष्ठ
सञ्चालक

द.
सि. ए. मनिष अमात्य
साझेदार
नि. एन. अमात्य एण्ड कं.
चार्टर्ड एकाउन्टेन्टस्

द.
इन्द्र बहादुर अधिकारी
सञ्चालक

द.
अर्चना प्रधान
सञ्चालक

द.
शिवराज भण्डारी
सञ्चालक

स्थान : काठमाडौं
मिति : २०७६/०५/०३

## नाफा–नोक्सान बाँडफाँड हिसाब
मिति २०७५।०४।०१ देखि २०७६।०३।३१ सम्म

| विवरण | अनुसूची | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|
| **आम्दानी** | | | |
| १. गत वर्षसम्मको संचित मूनाफा | | – | – |
| २. यस वर्षको मूनाफा | | ३,०१,१५,३४० | – |
| ३. सटही घटबढ कोष | | – | – |
| **जम्मा** | | ३,०१,१५,३४० | – |
| **खर्च** | | | |
| १. गत वर्षसम्मको संचित नोक्सान | | १,४७,६३,२०० | १,२१,८०,९८० |
| २. यस वर्षको नोक्सान | | | २५,८२,२२० |
| ३. साधारण जगेडाकोष | | ६०,२३,०६८ | – |
| ४. भैपरी आउने जगेडा | | – | – |
| ५. संस्था विकास कोष | | – | – |
| ६. लाभांश समीकरण कोष | | – | – |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | | – | – |
| ८. प्रस्तावित लाभांश (बोनश शेयरको कर प्रयोजनको लागि) | | ३,८१,३१६ | – |
| ९. प्रस्तावित बोनस शेयर | | ७२,४५,००० | – |
| १०. विशेष जगेडा कोष | | – | – |
| ११. सटही घटबढ कोष | | – | – |
| १२. पुंजी फिर्ता जगेडा कोष | | – | – |
| १३. पुंजी समायोजन कोष | | – | – |
| १४. ग्राहक सूरक्षण कोष | | ३,०१,१५३ | – |
| १५. संस्थागत सामाजिक उत्तरदायित्व कोष | | ३,०१,१५३ | – |
| १६. कर्मचारी तालिम तथा वृत्ति विकास कोष | | ४२,७८० | – |
| **जम्मा** | | **२,९०,५७,६७०** | **१,४७,६३,२००** |
| **१७. सञ्चित मूनाफा /(नोक्सान)** | | **१०,५७,६७०** | **(१,४७,६३,२००)** |

हाम्रो संलग्न प्रतिवेदन अनुसार

द.
अच्युत राज सापकोटा
प्रमुख कार्यकारी अधिकृत

द.
युवराज भण्डारी
अध्यक्ष

द.
दिनेश लाल श्रेष्ठ
सञ्चालक

द.
सि. ए. मनिष अमात्य
साझेदार
नि. एन. अमात्य एण्ड कं.
चार्टर्ड एकाउन्टेन्टस्

द.
इन्द्र बहादुर अधिकारी
सञ्चालक

द.
अर्चना प्रधान
सञ्चालक

द.
शिवराज भण्डारी
सञ्चालक

स्थान : काठमाडौं
मिति : २०७६/०५/०३

## नगद प्रवाह विवरण

मिति २०७५।०४।०१ देखि २०७६।०३।३१ सम्म

| विवरण | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|
| **(क) कारोबार संचालनबाट नगद प्रवाह** | | |
| **१. नगद प्राप्ति** | **१७,०९,७१,७३८** | **८,१३,३०,०९६** |
| १.१ ब्याज आम्दानी | १३,५३,९८,२७० | ६,६५,१३,८१० |
| १.२ अपलेखित कर्जाको असुली | - | - |
| १.३ कमिशन तथा अन्य आम्दानी | ३,५५,७३,४६८ | १,४८,१६,२८५ |
| **२. नगद भुक्तानी** | **(१२,५८,५२,४४५)** | **(७,४२,६४,५३१)** |
| २.१ ब्याज खर्च | (७,०८,०६,९४७) | (४,०८,५६,१४६) |
| २.२ कर्मचारी खर्च | (३,१३,७७,००८) | (२,१६,९१,०९७) |
| २.३ कार्यालय संचालन खर्च | (१,७०,०५,१९५) | (१,१३,९९,८१७) |
| २.४ आयकर भुक्तानी | (६६,६३,२९५) | (३,१७,४७१) |
| २.५ अन्य खर्च | - | - |
| **कार्यगत पुंजी गतिविधि अघिको नगद प्रवाह** | **४,५१,१९,२९३** | **७०,६५,५६५** |
| **सञ्चालन सम्वन्धी चालू सम्पत्तिमा कमी/(वृद्धि)** | **(३४,८१,५८,४५२)** | **(३८,७७,९०,४१९)** |
| १. माग तथा अल्प सूचनामा प्राप्त हूने रकममा कमी/(वृद्धि) | - | - |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | - | - |
| ३. कर्जामा कमी/(वृद्धि) | (३४,५८,००,६९२) | (३८,६२,४३,९४२) |
| ४. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (२३,५७,७६०) | (१५,४६,४७७) |
| **सञ्चालन सम्वन्धि चालू दायित्वमा (कमी)/वृद्धि** | **२७,१६,७७,१५४** | **३७,९७,८८,१९८** |
| १. निक्षेप दायित्वमा (कमी)/वृद्धि | ११,३६,८४,२९९ | १०,७७,५६,९९४ |
| २. अल्पकालीन सापटीमा (कमी)/वृद्धि | १५,७८,४६,६०० | २७,१९,६५,५८१ |
| ३. अन्य दायित्वमा (कमी)/वृद्धि | १,४६,२५५ | ६५,६२३ |
| **(ख) लगानी कारोवारमा नगद प्रवाह** | **(३५,३०,०१२)** | **(२०,१६,५२३)** |
| १. दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | - | - |
| २. स्थीर सम्पत्तिमा कमी/(वृद्धि) | (३२,१३,६१२) | (१८,१८,७७३) |
| ३. दीर्घकालीन लगानीमा ब्याज आम्दानी | - | - |
| ४. लाभांश आम्दानी | - | - |
| ५. अन्य | (३,१६,४००) | (१,९७,७५०) |
| **(ग) वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | ३,३५,००,००० | - |
| १. दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी) | - | - |
| २. शेयर पुंजीमा वृद्धि/(कमी) | ३,३५,००,००० | - |
| ३. अन्य दायित्वमा वृद्धि/(कमी) | - | - |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा वृद्धि/(कमी) | - | - |
| (घ) नगद तथा बैक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी / खर्च | - | - |
| **(ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | (१३,९२,०१७) | (२९,५३,१८०) |
| (च) नगद तथा बैंकमा रहेको शुरू मौज्दात | ६,७१,३९,३०८ | ७,००,९२,४८८ |
| **(छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **६,५७,४७,२९१** | **६,७१,३९,३०८** |

हाम्रो संलग्न प्रतिवेदन अनुसार

द.
अच्युत राज सापकोटा
प्रमुख कार्यकारी अधिकृत

द.
युवराज भण्डारी
अध्यक्ष

द.
दिनेश लाल श्रेष्ठ
सञ्चालक

द.
सि. ए. मनिष अमात्य
साझेदार
नि. एन. अमात्य एण्ड कं.
चार्टर्ड एकाउन्टेन्टस्

द.
इन्द्र बहादुर अधिकारी
सञ्चालक

द.
अर्चना प्रधान
सञ्चालक

द.
शिवराज भण्डारी
सञ्चालक

स्थान : काठमाडौँ
मिति : २०७६/०५/०३

## इक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरण

मिति २०७५।०४।०१ देखि २०७६।०३।३१ सम्म

| विवरण | शेयर पूँजी | सञ्चित ना.नो. | साधारण जगेडा कोष | पूँजिगत जगेडा कोष | शेयर प्रिमियम | सटही घटबढ कोष | स्थगन कर जगेडा | प्रस्तावित बोनस शेयर | अन्य जगेडा तथा कोष | कुल रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शुरू मौज्दात | ७,००,००,००० | (१,४७,६३,२००) | – | – | – | – | – | | – | **५,५२,३६,८००** |
| स्थगन कर | – | – | – | – | – | – | – | | – | – |
| समायोजित शुरू मौज्दात | ७,००,००,००० | (१,४७,६३,२००) | – | – | – | – | – | | – | **५,५२,३६,८००** |
| **समायोजन** | | | | | | | | | | |
| यस बर्षको नाफा/(नोक्सान) | – | ३,०१,१५,३४० | | – | – | – | – | | | **३,०१,१५,३४०** |
| शेयर पुंजीमा वृद्वि | ३,३५,००,००० | | | | | | | | | **३,३५,००,०००** |
| साधारण जगेडा कोष | – | (६०,२३,०६८) | ६०,२३,०६८ | – | – | – | – | | – | – |
| अन्य जगेडा कोष | | (६,४५,०८६) | | | | | | | २०,७३,५८३ | **१,४,२८,४९७** |
| प्रस्तावित लाभांश (बोनश शेयरको कर प्रयोजनको लागि) | | (३,८१,३१६) | | | | | | | | **(३,८१,३१६)** |
| प्रस्तावित बोनस शेयर | | (७२,४५,०००) | | | | | | ७२,४५,००० | | – |
| ………………… | – | – | – | – | – | – | – | | – | – |
| **अन्तिम मौज्दात २०७६ आषाढ मशान्त** | **१०,३५,००,०००** | **१०,५७,६७०** | **६०,२३,०६८** | – | – | – | – | **७२,४५,०००** | **२०,७३,५८३** | **११,९८,९९,३२१** |

द.
अच्युत राज सापकोटा
प्रमुख कार्यकारी अधिकृत

द.
युवराज भण्डारी
अध्यक्ष

द.
दिनेश लाल श्रेष्ठ
सञ्चालक

द.
सि. ए. मनिष अमात्य
साझेदार
नि. एन. अमात्य एण्ड कं.
चार्टर्ड एकाउन्टेन्टस्

द.
इन्द्र बहादुर अधिकारी
सञ्चालक

द.
अर्चना प्रधान
सञ्चालक

द.
शिवराज भण्डारी
सञ्चालक

स्थान : काठमाडौं
मिति : २०७६/०५/०३

**शेयर पूँजी तथा स्वामित्व** (२०७६ आषाढ मसान्तको)

अनुसूची ४.१

| विवरण | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|
| **१. शेयर पूँजी** | | |
| **१.१ अधिकृत पुंजी** | - | - |
| क) २०,००,००० साधारण शेयर प्रति शेयर रु १००/- ले | २०,००,००,००० | २०,००,००,००० |
| ख) ...............नन्रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु ...... ले | - | - |
| ग) ............. रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु ...... ले | - | - |
| **१.२ जारी पुंजी** | - | - |
| क) १०,००,००० साधारण शेयर प्रति शेयर रु १००/- ले | १०,३५,००,००० | १०,००,००,००० |
| ख) ...............नन्रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु ...... ले | - | - |
| ग) ............. रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु ...... ले | - | - |
| **१.३ चुक्ता पुंजी** | **१०,३५,००,०००** | **७,००,००,०००** |
| क) ७,००,००० साधारण शेयर प्रति शेयर रु १००/- ले | १०,३५,००,००० | ७,००,००,००० |
| ख) ...............नन्रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु ...... ले | - | - |
| ग) ............. रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रु ...... ले | - | - |
| **१.४ प्रस्तावित बोनस शेयर** | ७२,४५,००० | - |
| **१.५ कल्स इन एडभान्स** | - | - |
| **१.६ जम्मा रकम (१.३+१.४+१.५)** | **११,०७,४५,०००** | **७,००,००,०००** |

**शेयर स्वामित्व विवरण**

| शेयर स्वामित्व विवरण | यस वर्ष (रू.) | | गत वर्ष (रू.) | |
|---|---|---|---|---|
| | **प्रतिशत** | **शेयर पूँजी** | **प्रतिशत** | **शेयर पूँजी** |
| १. स्वदेशी स्वामित्व | १००.०० | १०,३५,००,००० | १००.०० | ७०,०००,००० |
| १.१ नेपाल सरकार | - | - | - | - |
| १.२ "क" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरु | - | - | - | - |
| १.३ अन्य इजाजतपत्रप्राप्त संस्थाहरु | २१.७४ | २,२५,००,००० | ३२.१४ | २२,५००,००० |
| १.४ अन्य संस्थाहरु | - | - | - | - |
| १.५ सर्वसाधारण | ३२.३७ | ३,३५,००,००० | - | - |
| १.६ अन्य | ४५.८९ | ४,७५,००,००० | ६७.८६ | ४७,५००,००० |
| २. वैदेशिक स्वामित्व | ०.०० | - | ०.०० | - |
| **जम्मा** | **१००।००** | **१०,३५,००,०००।००** | **१००।००** | **७०,०००,०००** |

## संस्थापक शेयरधनीको विवरण

| शेयरधनीहरू | यस वर्ष (रू.) | | गत वर्ष (रू.) | |
|---|---|---|---|---|
| | प्रतिशत | शेयर रकम | प्रतिशत | शेयर रकम |
| **संस्थापक समूह** | | | | |
| १. श्री गुह्येश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स कम्पनी लि. | २१.७४ | २,२५,००,००० | ३२.१४ | २,२५,००,००० |
| २. श्री युवराज भण्डारी | ९.६६ | १,००,००,००० | १४.२९ | १,००,००,००० |
| ३. श्री प्रभात तामाङ्ग | २.९० | ३०,००,००० | ४.२९ | ३०,००,००० |
| ४. श्री रेश्मा श्रेष्ठ | ४.८३ | ५०,००,००० | ७.१४ | ५०,००,००० |
| ५. श्री रन्जिता श्रेष्ठ | १.९३ | २०,००,००० | २.८६ | २०,००,००० |
| ६. श्री वृष बहादुर बस्नेत | २.९० | ३०,००,००० | ४.२९ | ३०,००,००० |
| ७. श्री दिव्यश्वरी सिंह | २.९० | ३०,००,००० | ४.२९ | ३०,००,००० |
| ८. श्री रमेन्द्र प्रधानाङ्ग | २.९० | ३०,००,००० | ४.२९ | ३०,००,००० |
| ९. श्री भुपेस राजभण्डारी | १.९३ | २०,००,००० | २.८६ | २०,००,००० |
| १०. श्री देव कृष्ण ताम्राकार | १.९३ | २०,००,००० | २.८६ | २०,००,००० |
| ११. श्री राजेश मानन्धर | १.९३ | २०,००,००० | २.८६ | २०,००,००० |
| १२. श्री लक्ष्मी ओझा | १.९३ | २०,००,००० | २.८६ | २०,००,००० |
| १३. श्री श्रीमान श्रेष्ठ | १.९३ | २०,००,००० | २.८६ | २०,००,००० |
| १४. श्री सरोजनी श्रेष्ठ | १.४५ | १५,००,००० | २.१४ | १५,००,००० |
| १५. श्री संञ्जिता श्रेष्ठ | ०.९७ | १०,००,००० | १.४३ | १०,००,००० |
| १६. श्री राजेश कुमार श्रेष्ठ | ०.९७ | १०,००,००० | १.४३ | १०,००,००० |
| १७. श्री नारायण प्रसाद भट्टराई | ०.९७ | १०,००,००० | १.४३ | १०,००,००० |
| १८. श्री निरजा शर्मा सापकोटा | ०.९७ | १०,००,००० | १.४३ | १०,००,००० |
| १९. श्री अच्युत राज सापकोटा | ०.९७ | १०,००,००० | १.४३ | १०,००,००० |
| २०. श्री इन्द्र बहादुर अधिकारी | ०.९७ | १०,००,००० | १.४३ | १०,००,००० |
| २१. श्री मणी थापा शाह | ०.९७ | १०,००,००० | १.४३ | १०,००,००० |
| **जम्मा** | **६७.६३** | **७,००,००,०००** | **१००.००** | **७,००,००,०००** |

**जगेडा तथा कोषहरू** (२०७६ आषाढ मसान्त) को

अनुसूची ४.२

| विवरण | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|
| १. साधारण/बैधानिक जगेडा कोष | ६०,२३,०६८ | - |
| २. पूँजीगत जगेडा कोष | - | - |
| ३. पूँजी फिर्ता जगेडा कोष **(Capital Redemption Reserve)** | - | - |
| ४. पूँजी समायोजन कोष | - | - |
| ५. अन्य जगेडा तथा कोष | - | - |
| ५.१ भैपरी आउने जगेडा | - | - |
| ५.२. संस्था विकास कोष | - | - |
| ५.३ लाभांश समिकरण कोष | - | - |
| ५.४ विशेष जगेडा कोष | - | - |
| ५.५. सम्पत्ति पुनमूल्याङ्कन कोष | - | - |
| ५.६ ग्राहक संरक्षण कोष | १७,२९,६५० | |
| ५.७. अन्य स्वतन्त्र कोष | - | - |
| ५.८. अन्य जगेडा कोष | | - |
| (क) कर्मचारी तालिम तथा वृति विकास कोष | ४२,७८० | |
| (ख) संस्थागत सामाजिक उतरदायित्व कोष | ३,०१,१५३ | |
| ६. सञ्चित नाफा/नोक्सान | १०,५७,६७० | (१,४७,६३,२००) |
| ७. सटही घटबड कोष | - | - |
| **जम्मा** | **९१,५४,३२१** | **(१,४७,६३,२००)** |

**ऋणपत्र तथा बण्ड** (२०७६ आषाढ मसान्तको) अनुसूची ४.३

| विवरण | यस वर्ष (रू.) | गत वर्ष (रू.). |
|---|---|---|
| १. ...... प्रतिशत वण्ड/ऋणपत्र प्रति वण्ड/ऋणपत्र ...... रू. ...... ले मिति ............ मा जारी भएको र मिति ...... मा चुक्ता हुने (हाल सम्मको Redemption Reserve रकम रू. ............।) | - | - |
| २. ...... प्रतिशत वण्ड/ऋणपत्र प्रति वण्ड/ऋणपत्र ...... रू. ले ...... मिति ............ मा जारी भएको र मिति ...... मा चुक्ता हुने (हाल सम्मको Redemption Reserve रकम रू. ............। | - | - |
| ३. .............................. | - | - |
| **जम्मा (१+२+३)** | - | - |

नोटः सुरक्षण राखी ऋणपत्र तथा वण्ड जारी गरिएको भएमा सुरक्षणको बिवरण खुलाउनु पर्नेछ।

**तिर्न बाँकी कर्जा (सापटी)**(२०७६ आषाढ मसान्तको) अनुसूची ४.४

| विवरण | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|
| क. स्वदेशी | | |
| १. नेपाल सरकार | - | - |
| २. नेपाल राष्ट्र बैंक | - | - |
| ३. रिपो दायित्व | - | - |
| ४. बैंक तथा वित्तीय संस्था | ५८,९९,६२,२९३ | ४३,२१,१५,६९४ |
| ५. अन्य संगठित संस्थाहरू | - | - |
| ६. अन्य | - | - |
| जम्मा | ५८,९९,६२,२९३ | ४३,२१,१५,६९४ |
| ख. विदेशी | | |
| १. बैंकहरू | - | - |
| २. अन्य | - | - |
| जम्मा | - | - |
| **जम्मा (क+ख)** | **५८,९९,६२,२९३** | **४३,२१,१५,६९४** |

**निक्षेप हिसाव** (२०७६ आषाढ मसान्त) अनुसूची ४.५

| विवरण | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|
| १. ब्याज तिर्नु नपर्ने खाताहरू | | |
| १.१ वित्तीय संस्थाहरू | - | - |
| १.२ अन्य संगठित संस्थाहरू | - | - |
| १.३ व्यक्तिगत | - | - |
| ब्याज तिर्नु नपर्ने खाताहरूको जम्मा | - | - |
| २. ब्याज तिर्नु पर्ने खाताहरू | | |
| क. बचत हिसाब | २३,७२,३४,६०५ | १२,४९,७८,८०४ |
| १.१ संघ संस्थाहरू | - | - |
| १.२ व्यक्तिगत | २३,३५,९२,३०५ | १२,२५,५७,६६४ |
| १.२ अन्य | ३६,४२,३०० | २४,२१,१४० |
| ख. मुद्दति हिसाब | - | - |
| १.१ संघ संस्थाहरू | - | - |
| १.२ व्यक्तिगत | - | - |
| १.३ अन्य | - | - |
| ब्याज तिर्नु पर्ने खाताहरूको जम्मा | २३,७२,३४,६०५ | १२,४९,७८,८०४ |
| **(१+२) जम्मा निक्षेप** | **२३,७२,३४,६०५** | **१२,४९,७८,८०४** |

**अन्य दायित्व** (२०७६ आषाढ मसान्तको) अनुसूची ४.६

| विवरण | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|
| १. पेन्सन/उपदान कोष | - | - |
| २. विदा वापतको व्यवस्था | १०,८४,०१६ | - |
| ३. कर्मचारी सञ्चय कोष | ११,७६२ | - |
| ४. कर्मचारी कल्याण कोष | - | - |
| ५. कर्मचारी वोनस व्यवस्था | ४०,९४,३४३ | - |
| ६. निक्षेपमा भुक्तानी दिन बांकी ब्याज | ५३,४५,२५३ | १३,३४,५६० |
| ७. सापटीमा भुक्तानी दिन बांकी ब्याज | ४,२५,१८८ | ११,२८,५२६ |
| ८. सण्ड्री क्रेडिटर्स | - | - |
| ९. शाखा मिलान हिसाव | - | - |
| १०. स्थगन कर दायित्व | - | - |
| ११. भुक्तानी दिनुपर्ने बिलहरु | - | - |
| १२. भुक्तानी दिन बाँकी लाभांश | - | - |
| १३. अन्य | - | - |
| क) लेखापरीक्षण शुल्क | | |
| बाह्य लेखापरीक्षण शुल्क | ६७,८०० | ५६,५०० |
| आन्तरीक लेखापरीक्षण शुल्क | १५,५३८ | ६२,१५० |
| ख) ब्याज कर र अग्रिम कर कट्टी | २,९८,४४१ | १,१०,६५८ |
| ग) अन्य भूक्तानी | १३,३६४ | ६,५४,८९९ |
| **जम्मा** | **१,१३,५५,७०५** | **३३,४७,२९३** |

**बैंक/वित्तीय संस्थामा रहेको मौज्दात** (२०७६ आषाढ मसान्तको) अनुसूची ४.७

| विवरण | स्वदेशी मुद्रा | विदेशी मुद्रा (रू.) मा | | | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|---|---|---|
| | | भा.रू. | परिवर्त्य वि.मु. | जम्मा | | |
| १. स्वदेशी इजाजतपत्रप्राप्त संस्थाहरु | | | | | | |
| क. चल्ती खाता | - | - | - | - | १५,३९,३४१ | १४,१०,२०५ |
| ख. अन्य खाता | - | - | - | - | - | ५,००,००,००० |
| **जम्मा** | - | - | - | - | **१५,३९,३४१** | **५,१४,१०,२०५** |

नोटः सम्बन्धीत इजाजतपत्र प्राप्त संस्थाहरु समर्थन पत्र अनुसारको कुल मौज्दात रु १५,३९,३४१

**लगानी** (२०७६ आषाढ मसान्तको) अनुसूची ४.८

| विवरण | प्रयोजन | | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|---|
| | व्यापारिक | अन्य | | |
| १ नेपाल सरकारको ट्रेजरी विल | - | - | - | - |
| २ नेपाल सरकारको बचत पत्र | - | - | - | - |
| ३ नेपाल सरकारको अन्य ऋण पत्र | - | - | - | - |
| ४ नेपाल राष्ट्र बैक ऋण पत्र | - | - | - | - |
| ५ विदेशी ऋण पत्र | - | - | - | - |
| ६ स्वदेशी इजाजतपत्रप्राप्त संस्था | - | - | - | - |
| ७ विदेशी बैक | - | - | - | - |
| ८ संगठित संस्थाहरूको शेयर | - | - | - | - |
| ९ संगठित संस्थाहरूको डिवेन्चर तथा बन्ड | - | - | - | - |
| १० अन्य लगानी | - | - | - | - |
| **कूल लगानी** | - | - | - | - |
| व्यवस्था | - | - | - | - |
| **खुद लगानी** | - | - | - | - |

**शेयर डिबेन्चर बण्डमा लगानी** (२०७६ आषाढ मसान्तको) अनुसूची ४.८ (क)

| विवरण | परल मोल | बजार मोल अनुसार | व्यवस्था रकम रु. | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|---|---|
| १. शेयर लगानी | - | - | - | - | - |
| १.१ ...... कम्पनी (प्रा.लि./लि.) | - | - | - | - | - |
| ...... साधारण शेयर, प्रति शेयर ...... ले चूक्ता | - | - | - | - | - |
| १.२ ...... कम्पनी (प्रा.लि./लि.) | | | | | |
| ...... साधारण शेयर (मध्ये .....वोनस समेत) प्रति शेयर......ले चूक्ता | | | | | |
| १.३ ...... कम्पनी (प्रा.लि./लि.) | | | | | |
| ...... प्रतिशत ...... प्रिफरेन्स शेयर प्रति शेयर रु ...... ले चूक्ता | - | - | - | - | - |
| २. डिवेन्चर तथा वण्ड लगानी | - | - | - | - | - |
| २.१ ...... कम्पनी (प्रा.लि./लि.) | - | - | - | - | - |
| ...... प्रतिशत डिवेन्चर/वण्ड प्रति डिवेन्चर/बण्ड ...... रु ले ...... | - | - | - | - | - |
| २.२ ............ | | | | | |
| २.३ ...... | | | | | |
| कूल लगानी | - | - | - | - | - |
| ३. जोखिम सम्बन्धी व्यवस्था | | | | | |
| ३.१ गत वर्षसम्मको व्यवस्था | | | | - | - |
| ३.२ यस वर्षको थप/घट | | | | - | |
| कूल व्यवस्था | | | | - | - |
| खुद लगानी | | | | | - |

**कर्जा सापट वर्गीकरण र सोको लागि व्यवस्थापन** (२०७६ आषाढ मसान्तको) अनुसूची ४.९

| विवरण | कर्जा सापट बिबरण | | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|---|---|
| | विमित | अविमित | | |
| **१. सक्रिय कर्जा सापट** | - | **८८,२४,२८,८५५** | **८८,२४,२८,८५५** | **५३,६३,२७,९५७** |
| असल कर्जा | - | ८७,९६,५३,४८६ | ८७,९६,५३,४८६ | ५३,६३,२७,९५७ |
| सूक्ष्म निगरानी | - | २७,७५,३६९ | २७,७५,३६९ | - |
| **२. निस्क्रिय कर्जा सापट** | - | **६१,६०,१५०** | **६१,६०,१५०** | **६,४,६०,३५५** |
| २.१ कमसल | - | ४१,६७,१४५ | ४१,६७,१४५ | ३८,७६,२८५ |
| २.२ शंकास्पद | - | १८,४९,१४२ | १८,४९,१४२ | २५,८४,०७० |
| २.३ खराव | - | १,४३,८६३ | १,४३,८६३ | - |
| **३. कुल कर्जा सापट (१+२)** | - | **८८,८५,८९,००५** | **८८,८५,८९,००५** | **५४,२७,८८,३१२** |
